# फिदिम नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### फिदिम, पाँचथर

**१ नं. प्रदेश नेपाल**

फिदिम नगरपालिका नगर कार्यपालिकाको कार्यालय फिदिम, पाँचथर १ नं. प्रदेश, नेपाल २०७३

विषय :- सिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।

प्रथम पटक सूचना प्रकाशित मिति :- २०७६/०५/१०

ठेक्का नं.३/२०७६/०७७

फिदिम नगरपालिकाको कार्यालय, पाँचथरले आ.व. २०७६/०७७ को लागि आन्तरिक आय पूर्वाधार जन्य वस्तुहरु (ढुंगा, गिटी, वालुवा विक्रि कर) संकलन ठेक्का निम्नानुसार वन्दोवस्त गर्नुपर्ने भएकाले प्रचलित नेपाल कानून बमोजिम इच्छुक योग्य फर्म वा कम्पनी र संस्थाहरुबाट दरभाउपत्र फाराम खरिद गरी तपशिलमा उल्लेखित शर्तहरुका अधिनमा रही कवोल गरेको ठेक्का रकम अंक र अक्षरमा खुलाई सिलवन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरु

१. प्रचलित नेपाल कानून बमोजिम दर्ता भई प्रमाण पत्र लिएका फर्म वा कम्पनी संस्थाहरुले दरभाउपत्र फाराम खरिद गरी सूचना बमोजिमको शर्तका आधारमा दाखिला गर्न पाउने छन् ।

२. दरभाउपत्र फाराम खरिद गर्न आ.व.०७५/७६ को नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र, आ.व. ०७५/७६ को आयकर चुक्ता प्रमाणपत्र,नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरु सहित दरभाउपत्र खरिदको निवेदन पेश गर्नुपर्ने छ ।

३. यो **सूचना दैनिक** पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र दरभाउपत्र फारम खरीद गरी १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गरिसक्नुपर्ने छ । सो दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट हुनेछ ।

४ .यसरी दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु १६ औं दिनको २:०० बजे भित्र कार्यालयको प्रतिनिधिहरु र सिलबन्दी दरभाउपत्र दाताहरुको रोहवरमा खोलिने छ तर सिलवन्दी दरभाउपत्र दाताहरु अनुपस्थित रहेमा पनि खोल्न बाधा पर्ने छैन ।

५. जसको नाममा दरभाउपत्र खरिद गरिएको हो सोही फर्म वा कम्पनी र संस्थाको नामबाट मात्र दाखिला गर्नुपर्ने छ । यस कार्यालयबाट प्रमाणित नभएका दरभाउपत्रलाई मान्यता दिइने छैन र सोको छायाप्रति पनि स्वीकार्य हुने छैन ।

६.दरभाउपत्र फाराममा आफुले कबोल गरको दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गरेको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७. सिलबन्दी दरभाउपत्र पेश गर्नेले नियमानुसार आफुले कबोल गरेको अंकको ३% ले हुन आउन रकम फिदिम नगरपालिकाको ने.वै.लि.पाँचथर स्थित धरौटी खातां.न :०६७०३००००००००३००००३ मा नगद दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त बैंकले दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन मान्य अवधि रहने गरि जारी गरेको बैंक जमानत पेश गर्नु पर्नेछ ।

८. दरभाउपत्र स्वीकृत भएपछि धरौटी वापत स्वीकृत ठेक्का अंक बराबरको नियमानुसारको नगदै रकम यस कार्यालयको ने.वै.ली.स्थित हि.नं.०६७०३००००००००३००००३ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट बैंकबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी

निमित्त प्रमुख प्रशासकीय अधिकृत

गरेको कम्तिमा १३(तेह्र) महिना अवधि म्याद भएको बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गरी सम्झौताको लागि यस कार्यालयमा उपस्थित हुनुपर्ने छ ।

९. ढुंगा, गिटी र वालुवा, पुलको दायाँ वायाँ (Up stream/Down Stream) ५०० मि., वन क्षेत्र र कुनै व्यक्तिको घर जग्गा कुलो वाँध आदिबाट निकाल्न पाइने छैन ।

११. सिलवन्दी दरभाउपत्रबाट स्वीकृत ठेक्काको ठेक्का अवधि २०७६ आश्विन १ गते देखि ०७६ ज्येष्ठ मसान्त सम्म ९ (नौ ) महिनाको रहनेछ ।

१२. ठेक्का कवोल रकम दुई किस्तामा बुझाउनुपर्ने छ । सम्पूर्ण ठेक्का अंकको ५०% रकम एकमुष्ठ ठेक्का सम्झौताको बखत जम्मा गर्नुपर्ने छ । बाँकी ५०% दोस्रो किस्ता रकम २०७६ फागुन मसान्त भित्रै बुझाउनुपर्ने छ । प्रथम किस्ता बुझाई सम्झौता गर्न आउँदा स्वीकृत बाँकी रकम बराबरको २०७७ श्रावण मसान्त सम्म म्याद भएको मान्यता प्राप्त बैंकबाट जारी भएको बैक जमानत ( परफरमेन्स वण्ड) सम्झौता गर्दाको वखत नै पेश गर्नुपर्ने छ । संझौताका वखत एकामुष्ट कवोल रकम वुझाएमा १० प्रतिशत रकम छुट दिन सकिनेछ । तोकिएको किस्ता म्यादभित्र नबुझाएमा परफरमेन्स वण्ड तथा धितो जमानत बाट असुली गरिने छ । कुनै पनि कारण देखाई कबोल अंकमा छुट माग गर्न पाइने छैन ।

१३. फिदिम नगरपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशन पूर्णरुपमा पालना गर्नुपर्ने छ । ठेक्का सम्बन्धी कुनै विवाद उत्पन्न भएमा प्रचलित ऐन नियम तथा सम्झौताको परिधिभित्र रहि फिदिम नगरपालिकाको कार्यालय, पाँचथरको निर्णय अन्तिम र मान्य हुनेछ सो निर्णय मान्न व्यवसायीको कर्तव्य हुनेछ ।

१४. न्युनतम ठेक्का अंक भन्दा घटी कबोल गरी सिलबन्दी दरभाउपत्र पेश गर्न पाइने छैन, साथै व्यवसायीबाट कुनै सर्त राखिएको वा रीत नपुगेको सिलबन्दी दरभाउपत्र माथि कुनै कार्वाही गरिने छैन ।

१५. ठेक्का लिने ठेकेदारले दररेट सहितको साइनबोर्ड सम्बन्धित संकलन केन्द्रहरुमा राख्नुपर्नेछ ।

१६ ठेक्का कबोल गर्ने ठेकेदारले फिदिम नगरपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने नगदि रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई यस कार्यालयमा छपाइको लगत रसिद नियन्त्रण खातामा दाखिला गरेर मात्र कर दस्तुर संकलन गर्ने कार्यमा प्रयाग गर्नुपर्ने छ । साथै प्रयोग भएका रसिदहरुका विवरण कार्यालयले माग गरेमा एक/एक प्रति उपलब्ध गराउनु ठेक्केदारको कर्तव्य हुनेछ ।

१६. राजमार्ग वा सहायक राजमार्गमा तगारो राखी कर असुल गर्न पाइने छैन ।

१७. ठेक्का समाप्त भई करचुक्ता पेश गरेपछि धरौटी बापतको रकम नियमानुसार फिर्ता गरिनेछ ।

१८. यस नगरपालिकामा बक्यौता तिर्न बाँकि रहेको ब्यक्ति, फर्म वा कम्पनीहरुले पुरानो बाँकी चुक्ता नगर्दा सम्म शिलवन्दी दरभाउपत्रमा भाग लिन पाउने छैन ।

१९. एक स्थानीय तहमा उपयोग कर शुल्क बुझाइसकेको प्रमाण पेश गरेमा पुन: शुल्क लिन पाइने छैन ।

२०. ठेक्का संचालनको सिलसिलामा नियमानुसार नेपाल सरकारलाई बुझाउनुपर्ने मु.अ. कर व्यवसायी स्वयमले बुझाउनुपर्नेछ । उक्त रकम ठेक्का अंकबाट कटाउन पाइने छैन । ठेक्का अवधिभर व्यसायीले ठेक्का तोड्न पाइनेछैन । विचैमा ठेक्का तोडेमा असुल हुन बाँकी रकममा १०% व्याज जोडी असुल उपर गरिनेछ । यसरी ठेक्का तोडिन गई बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कवोल गरेभन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्व व्यवसायीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

२१. माथि उल्लेखित सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने नगर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

२२. सिलबन्दी दरभाउपत्र सम्बन्धि शर्तहरु तथा दररेट सम्बन्धि विस्तृत विवरण यस कार्यालयको वेबसाइट www.phidimmun.gov.np बाट पनि हेर्न सकिनेछ । सो सम्बन्धी अन्य कुरा

फिदिम नगरपालिका नगर कार्यपालिकाको कार्यालय फिदिम, पाँचथर १ नं. प्रदेश, नेपाल २०७३

निमित्त प्रमुख प्रशा

बुझ्न परेमा फिदिम नगरपालिकाको कार्यालय, पाँचथर तथा फोन नं. ०२४-५२०१०७ मा सम्पर्क राख्न सकिने छ ।

२३. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।

फिदिम नगरपालिका नगर कार्यपालिकाको कार्यालय फिदिम, पाँचथर १ नं. प्रदेश, नेपाल

## ठेक्काको विवरण

| आन्तरिक आय वन्दोवस्त ठे.नं. | ठेक्काको किसिम | उत्खनन क्षेत्र | नदी वा खोला | श्रोत वस्तु | न्युनतम वार्षिक ठेक्का अंक आ.व. ०७६/०७७ (मू.अ.क. बाहेक) | दरभाउपत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| ३/२०७६/७७ | पूर्वाधार जन्य वस्तुहरु ढंगा, गिटी, वालुवा, बिक्री कर | मध्य पहाडी सडकको तमोर नदी किनारा( माझिटार) आसपास | तमोर नदी | बालुवा, ढुङ्गा,गिटी | १७,५०,०००।- (सत्र लाख पचास हजार मात्र) | १०००।- (एक हजार मात्र) | कवोल अंकको ३% |
| | | हेवाखोला upstrem | हेवाखोला | | | | |
| | | हेवाखोला down strem | | | | | |
| | | फिदिम रानीगाउँ यासोक सडकमा पर्ने न पा क्षेत्र भित्र पर्ने निवु खोला | निवु खोला | | | | |
| | | फिदिम फालोट सडक फिदिम न पा क्षेत्र भित्रमा पर्ने फेमेखोला | फेमेखोला | | | | |
| | | फिदिम रानीटार लुङरुपा सडक फिदिम न.पा क्षेत्रमा पर्ने आप्तवा खोला | आप्तवा खोला | | | | |

...............................

निमित्त प्रमुख प्रशासकीय अधिकृत